annapurnapost.com
# अन्नपूर्ण पोस्ट
वर्ष २३, अंक ९९ पृष्ठ ८ | काठमाडौं, बिहीबार २४ साउन २०८१ | श्रावण शुक्लपक्ष चतुर्थी, नेपाल संवत् ११४४ | THURSDAY, AUGUST 8, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

# किन भइरहन्छन् मुलुकमा हवाई दुर्घटना ?

**सौर्य एयरलाइन्सको विमान दुर्घटनाको कारण पत्ता नलाग्दै बुधबार एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटनामा पऱ्यो । एकपछि अर्को हवाई दुर्घटना हुँदा पनि यसको जिम्मेवारी लिन कोही तयार छैनन् । कसैले नियामक निकाय नागरिक उड्डयन प्राधिकरणलाई औंला ठड्याएका छन, त कतिले हवाई कम्पनीका कमजोरी औंल्याएका छन । तर, मुलुकको हवाई क्षेत्र कसरी सुरक्षित र विश्वसनीय बनाउने भन्ने प्रश्न भने अहम् बनेको छ ।**

# झाडीमा बज्रिँदै जल्यो एयर डायनेस्टीको हेलिकप्टर, ५ को निधन

## पूरा भएन जन्मगाउँ फर्किने अरुणको योजना

**सुनिता कार्की** | *काठमाडौं*
**देवचन्द्र भट्ट** | *नुवाकोट*
**सन्तोष गौतम** | *बेनी*
– को रिपोर्ट

समाचार पृष्ठ २

एयर डायनेस्टीको हेलिकप्टर दुर्घटनास्थलबाट शव निकाल्दै सुरक्षाकर्मी । ● अन्नपूर्ण

# दलित जनप्रतिनिधिकै कुरा सुनिँदैनन्

**ललितबहादुर बुढा** | *सुर्खेत*

वीरेन्द्रनगर नगरपालिका–६ की वडा सदस्य हुन्, कमला नेपाली। ०७४ र ०७९ को दुवै निर्वाचन जितेर उनी दुईपटक वडा सदस्य बनेकी हुन्। दलित महिला सदस्य कोटाबाट चुनाव जितेकाले उनले दलित समुदायका मुद्दालाई प्राथमिकता दिइन्। दलितको पक्षमा काम गर्न विभिन्न योजना पनि प्रस्ताव गरिन्। तर, उनले अगाडि सारेका एजेन्डाको नगरपालिका कार्यसमितिले सुनुवाइ नै गरेन्। वडाका अन्य जनप्रतिनिधि र कर्मचारीले कमलाले ल्याएका योजना र एजेन्डालाई महत्त्व नै दिएनन्।

'पहिलो कार्यकालमा त निकै अलमल भयो', कमला भन्छिन्, 'मैले उठाएका सवालको सुनुवाइ नै भएन, म दलित महिला भएकाले पनि अरू जनप्रतिनिधिले सहयोग गरेनन्। दलितका लागि बजेट विनियोजन गरौंभन्दा कर्मचारीले पनि सुनेनन्, जनप्रतिनिधि भएर पनि हामी आफैं हेपिएका छौं।'

आफू दलित समुदायको प्रतिनिधिका रूपमा दोस्रो कार्यकालका लागि वडासदस्य बने पनि



आफ्नो अनुभव र पीडा सुनाउँदै वीरेन्द्रनगरका दलित जनप्रतिनिधिहरू । ● अन्नपूर्ण

अपेक्षाअनुसार काम गर्न नसकिएको उनको गुनासो छ। वडामा आफ्ना एजेन्डाको सुनुवाइ नहुने गरेको भन्दै उनले दलित भएकै कारण अन्य जनप्रतिनिधि र कर्मचारीबाट विभेद सहनु परेको पनि बताइन्। वीरेन्द्रनगर ४ की वडा सदस्य डम्बरी नेपालीको पनि उस्तै गुनासो छ। निर्वाचित भएपछि उनले पनि दलित महिला र बालबालिकाको पक्षमा काम गर्ने योजना बनाइन्। आर्थिक रूपमा कमजोर दलित महिलालाई आयआर्जनमा जोडर आत्मनिर्भर बनाउन वडाबाट बजेट विनियोजन गराउन जोडबल गरिन्। तर, वडाको बैठकमा उनको प्रस्तावलाई अरू जनप्रतिनिधिले महत्त्व नै दिएनन्।

उनी भन्छिन्, 'सुरुको १ वर्ष त मैले हस्ताक्षर मात्र गरेँ, छलफल र एजेन्डामा सहभागी हुने अवसर नै पाइँन्। मलाई निर्णय र एजेन्डाबारे जानकारी नै दिइएन, मेरो काम भनेको बैठकमा केवल कोरम पूरा गर्नका लागि मात्र भयो।' आफ्ना एजेन्डाको सुनुवाइ नहुँदा पहिलो वर्षको दलित लक्षित बजेट नै फ्रिज भएको उनले सुनाइन्।

कमला र डम्बरी मात्र होइनन्, स्थानीय तहमा निर्वाचित दलित जनप्रतिनिधिहरूले योजना, बजेट र कार्यक्रममा विभेद हुने गरेको बताएका छन्। कर्णालीको राजधानी रहेको वीरेन्द्रनगरकै दलित जनप्रतिनिधिले आफ्ना एजेन्डाको सुनुवाइ नहुने, बैठक र एजेन्डाबारे जानकारी नै नदिने, निर्णय प्रक्रियामा सहभागी नगराउने र बैठकमा कोरम पुऱ्याउन मात्र हस्ताक्षर गराउने गरिएको गुनासो गरेका हुन्। बजेट र योजनामा मात्र नभई, आफूहरूमाथि जातीय विभेदसमेत हुने गरेको उनीहरूको दुखेसो छ।

» बाँकी पृष्ठ ६

## म्याग्दी हुँदै डोल्पा जोड्ने सडक बनाउनुपर्छ



**झकबहादुर छन्त्याल**

इजलास

म्याग्दीको धौलागिरि गाउँपालिका–१ गुर्जा अझै सडक यातायातको सञ्जालमा जोडिएको छैन। मुलुकका अल्पसंख्यक छन्त्याल र दलित समुदायको मात्र बसोबास रहेको गुर्जामा २५० घरधुरीको बसोबास छ।

धौलागिरि गाउँपालिका–२ लुलाङदेखि गुर्जा पुग्न पूरै दिन जंगल, भीर, खोल्साको उकालोओरालो बाटो हिँड्नुपर्छ। ढुवानीका लागि घोडा, खच्चर र भरियाको भर पर्नुपर्छ। बिरामीलाई समयमै अस्पताल पुऱ्याउन हेलिकप्टर चार्टर गर्नुपर्छ। यहाँ उत्पादन हुने जडीबुटी, आलुलगायत कृषिउपज ढुवानी अभावमा कुहिएर खेर जान्छन। गत आर्थिक वर्षमा संघीय सरकार, गण्डकी प्रदेश र धौलागिरि गाउँपालिकाले दुई/दुई करोड बजेट विनियोजन गरेर लुलाङदेखि सुरु गरेको गुर्जा जोड्ने सडक देउरालीको धुरी पुगेको छ।

यस वर्ष पनि यो योजनाले निरन्तरता पाएको छ। तर, प्रदेश र संघीय सरकारले अनुदान घटाएकाले गुर्जावासीको सडक सपना अझै टाढिएको छ। थप १० देखि १५ किलोमिटर सडक निर्माण गर्न बजेट र योजना आवश्यक छ। लुलाङ-गुर्जा-डोल्पा जोड्ने छोटो दूरीको सडकको परिकल्पना गरेर गुर्जावासीले जिल्ला, प्रदेश र संघीय सरकारसम्म प्रस्ताव गरेका छौं। डोल्पालाई संघीय राजधानी काठमाडौंसँग जोड्ने यो सडक अहिले डोल्पा जोड्ने सडकको तुलनामा छोटो पर्छ।

काठमाडौंदेखि म्याग्दी हुँदै डोल्पा पाँच सय किलोमिटरभन्दा छोटो सडक बनाउन सकिन्छ। गुर्जादेखि डोल्पाको दुनै ७५ देखि १०० किलोमिटर नजिक छ। परापूर्वकालमा गुर्जाका बासिन्दा डोल्पाबाट नुन ल्याउन यही बाटोको प्रयोग गर्थे। गुर्जा, चुरेन र पुथा हिमालको काँखैकाँख डोल्पा र जुम्ला जोडिने यस सडक पर्यटकीय हिसाबले पनि सम्भावनायुक्त छ। केन्द्रीय राजनीतिमा पहुँचको कमीका कारण गुर्जा हुँदै डोल्पा जोड्ने सडकको मुद्दा ओझेलमा परेको छ।

*(छन्त्याल, धौलागिरि गाउँपालिका–१ गुर्जाका वडाध्यक्ष हुन्।)*

## नेपाली कामदारले झैझगडा गरेको भन्दै सरकारको ध्यानाकर्षण

**अवुधावी** (अन्नपूर्ण) : युनाइटेड अरब इमिरेट्स (यूएई) मा कार्यरत नेपाली कामदारले अत्यधिक मात्रामा मादक पदार्थ सेवन गरी झैझगडा गर्ने गरेको भन्दै यूएई सरकारले नेपालको ध्यानाकर्षण गरेको छ। नेपाली दूतावास अवुधावीले एक विज्ञप्ति जारी गर्दै यूएई सरकारले आफूहरूलाई उक्त कुराको जानकारी दिएको भन्दै सचेत गराएको छ।

'आजकल धेरै नेपाली कामदारहरूले मादक पदार्थ सेवन गरी होहल्ला गर्ने र झैझगडा गर्ने गरेको भन्दै यूएईको सरकारी निकायले हामीलाई जानकारी गराएको छ,' दूतावास स्रोतले भन्यो, 'कोही-कोही त रक्सी खाएरै दूतावासको सुरक्षाको लागि खटिएका स्थानीय सुरक्षाकर्मीहरूलाई समेत दुर्व्यवहार गर्छन्।' म्यानपावर कम्पनीले नेपालमा भनेजस्तो सेवा सुबिधा कम्पनीले नदिने, नेपाली कामदारहरू निरास हुने, काम छोडेर भाग्ने र झैझगडा गर्ने गरेका छन्। अबुधाबी दूतावासले जारी गरेको विज्ञप्तिमा सबै नेपाली कामदारहरू सद्भावना कामदारका रूपमा रहेकोले यूएईको कानुन, नियम, मूल्य मान्यताको पूर्णपालना गर्न अनुरोध गरिएको छ। झन्डै २ सय नेपाली यूएईको जेलमा छन्।

### कार्यदलले बुझायो शीर्ष नेतालाई प्रतिवेदन

# संक्रमणकालीन न्यायको विधेयक तत्काल पारित गरिने

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सत्य निरुपण तथा बेपत्ता आयोगसम्बन्धी विधेयकका मुख्य विवादित विषयमा सहमतिसहितको प्रतिवेदन दलका शीर्ष नेताहरूलाई बुझाइएको छ। तीन प्रमुख दलको कार्यदलले प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी ओली, कांग्रेस सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई प्रतिवेदन बुझाइएको हो। कार्यदलको सहमतिप्रति खुसी व्यक्त गर्दै नेताहरूले चालु संसद् अधिवेशनबाटै विधेयक पारित गर्ने जनाएका छन्।

विधेयकका मुख्य विवादित विषयमा सहमति जुटेसँगै केपी शर्मा ओलीको नेतृत्वको सरकारका पालामा १९ वर्षमा शान्ति प्रक्रिया निश्कर्षको पुग्ने अवस्था आएको छ। विधेयकका विवादित विषयमा सहमति जुटाउन असार १३ मा तीन जनाको कार्यदल बनेको थियो। कार्यदलमा कांग्रेसका तर्फबाट गृहमन्त्री रमेश लेखक, एमालेका महेशकुमार बर्तौला र माओवादी केन्द्रका जनार्दन शर्मा थिए। कार्यदल बनेपछि ६ वटा बैठक बसेका थिए।

०८१ साउन १७ गते कार्यदलले सहमति हुन बाँकी चारवटा मुख्य विषयमा सहमति जुटाएको थियो। यो विधेयक २०७९ फागुन २५ मा प्रतिनिधिसभामा भएको थियो। र कानुन,न्याय तथा मानव अधिकार समितिमा २०८० वैशाख ५ गतेदेखि छलफलमा रहँदै आएको थियो। समितिअन्तर्गत गठन गरिएको उपसमितिको तर्फबाट चार विषयमा निश्कर्षमा पुऱ्याउन पर्ने भनी प्रतिवेदन बुझाएको थियो। मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषासहित मेलमिलापका लागि स्वतन्त्र सहमति हुन नसकेका घटनाको विषयमा निश्कर्ष पुग्न बाँकी थियो। त्यस्तै सशस्त्र द्वन्द्वमा जोडिएका तथा प्रभावित व्यक्तिहरू र मृत्यु भएका, घाइते तथा अपांग भएका सुरक्षाकर्मी वा निजका परिवारका सम्बन्धमा, घटी सजायको माग दाबीका विषयमा पनि लामो समय सहमति हुन सकेको थिएन। तीन राजनीतिक दलको स्वार्थका कारण यो प्रक्रिया लम्मिदै गएको थियो। यिनै सहमति हुन चार विषयमा सहमतिसँगै अब शान्ति प्रक्रिया टुंगिने अवस्थामा पुगेको छ। शीर्ष नेताले नै सहमति जनाइएको कारण अब यो संसद्मार्फत पारित भइ कानुन बन्नेछ।



नेपालले यसलाई राम्रोसँग कार्यान्वयन गरेको र टुंग्याएको खण्डमा संसारमा नै यो अनुकरणीय हुनेछ । र, यो नेपालको शान्ति प्रक्रियालाई टुंगोमा पुर्‍याउन सके विश्वकै लागि अनुकरणीय हुनेछ ।

**शेरबहादुर देउवा**
सभापति, नेपाली कांग्रेस



संसद्को यसै अधिवेशनबाट विधेयक पारित भएपछि त्यसअनुरूपका आयोग बन्नेछन् र पीडादायी विगतलाई हामी शान्तिमा बदल्ने छौं । नेपाललाई शान्त बनाउन सबै पक्षको साथ जरुरी छ ।

**केपी शर्मा ओली**
प्रधानमन्त्री



कार्यदलले धेरै मेहनत गरेर निष्कर्षमा पुऱ्याएको छ । अब यसलाई वैधानिक प्रक्रियाबाट संसद्को समितिमा र फुलहाउसमा पनि यसैपटक जाओस् र टुंग्याइयोस् ।

**पुष्पकमल दाहाल 'प्रचण्ड'**
अध्यक्ष, नेकपा (माओवादी केन्द्र)

**के–केमा भयो सहमति ?**

मानव अधिकारको उल्लंघन र मानव अधिकारको गम्भीर उल्लंघनमा परी भाषासहित चार विषयमा विवाद रहँदै आएको थियो। तर, लेखक, बर्तौला र शर्माको कार्यदलले यो विवाद टुंग्याएको छ। मानव अधिकारको उल्लंघनको घटनामा तत्काल प्रचलित कानुनबमोजिमको सजायमा २५ प्रतिशत सजायको माग दाबी गर्ने विषयमा सहमति भएको प्रतिवेदनमा उल्लेख छ। जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसाका घटना बाहेकका मानव अधिकार उल्लंघनमा मात्रै यो सहमतिअनुसार हुनेछ।

सार्वजनिक पदमा धारणको गरेको व्यक्तिविरुद्ध मुद्दा दायर भई थुनामा वा न्यायिक हिरासतमा रहेमा स्वत: निलम्बन भएको मानिने पनि प्रतिवेदनमा उल्लेख छ। आयोगले मानव अधिकारको गम्भीर उल्लंघनको कार्यमा संलग्न देखिएका व्यक्तिविरुद्ध ऐनबमोजिम मुद्दा चलाउनुपर्ने देखिएमा घटना हुँदाको परी स्थिति, कारण, छानबिन, प्रतिवेदन र प्रमाणसहित महान्यायाधिवक्ता समक्ष सिफारिस गर्नुपर्ने व्यवस्था गर्न प्रतिवेदनमा सिफारिस गरिएको छ। सिफारिस गर्दा मुद्दा चलाउनुपर्ने व्यक्तिको सम्बन्धमा आयोग समक्ष आफूलाई लागेको आरोपको सम्बन्धमा थाहा भएसम्मको सत्य तथ्य विवरण प्रकट गरे नगरेको उल्लेख हुनु पर्ने छ।

» बाँकी पृष्ठ ६